बैठक संख्या: ३१।२०८१
बैठक मिति:२०८१।१०।२९ बिहान ८:३० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।१०।२९ गते मङ्गलबार बिहान ८:३० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: ३१।२०८१
बैठक मिति:२०८१।१०।२९ बिहान ८:३० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | [signature] |
| २ | | | |
| ३ | | | |
| ४. | | | |
| ५. | | | |

**प्रस्तावहरु.**

१. प्रस्ताव नं. १ : तराई - मधेश समृद्धि कार्यक्रम अन्तर्गत थप योजना/कार्यक्रम माग सम्बन्धमा।

२.प्रस्ताव नं. २ : विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अनतर्गत तराई - मधेश समृद्धि कार्यक्रमको आयोजना/कार्यक्रम माग / प्रस्ताव पेश गर्ने सम्बन्धी प्रकाशित सूचना प्राप्त भई नगरपालिकाको लागत साझेदारीमा तपसिलका थप योजना तथा कार्यक्रम लाई तराई -मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाईको वेबसाइटमा प्रविष्ट गर्ने निर्णय गरियो ।

१.रामधुनी न.पा. वडा नं. ५ र वडा नं. ३ को सिमाना पर्ने परिहारपुर भकुण्डेचौक देखी बिजुली अफिस सम्म नाला/ढल निर्माण ।

२. रामधुनी न.पा. वडा नं. ४ कालीन्द्र चौधरीको घर देखी पूर्व मानिक चौरी नहर सम्मको बाटो कालोपत्रे ।

३. रामधुनी न.पा. वडा नं. ५ सिद्धार्थ मार्ग बाट कोभिड अस्पताल जाने बाटो कालोपत्रे ।

४. रामधुनी न.पा. वडा नं. २,३ र ८ जोड्ने सडक रघुनाथपुर देखी कुम्याही बिच टोल हुँदै बुधनगर जोड्ने बाटो कालोपत्रे ।

[signatures]

CamScanner

५. रामधुनी न.पा. वडा नं. २ दत्तकिच्चा खोला देखी बिष्णु चौधरीको घर हुँदै वडा कार्यालय जाने बाटो कालोपत्रे ।

६. रामधुनी न.पा. वडा नं. ३ लक्ष्मी श्रेष्ठको घर देखी पूर्व लाल लिम्वुको घर हुँदै इटहरी - १७ सिमाना जोड्ने सडक इन्टरलक ।

७. रामधुनी न.पा. वडा नं. ६ र ७ तरहरा चतरा मार्ग जोड्ने कालोपत्रे ।

८. रामधुनी न.पा. वडा नं. ९ मचैंया सितपुर जोड्ने 3 KM कालोपत्रे सडक निर्माण ।

**निर्णय नं.२(क)**

श्री शिवालय मन्दिर व्यवस्थापन समिति रामधुनी न.पा. वडा नं. ७ को मिति २०८१।१०।२६ गतेको सिफारिस बमोजिम उक्त शिवालय मन्दिरमा २४ घण्टे अस्टजाम भजन कीर्तन कार्यक्रमका लागि आर्थिक सहयोग बापत रकम रू २५,०००।- आर्थिक सहयोग शीर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ख)**

मिति २०८१।११।०१ गते मन्त्रालयको कामको सिलसिलामा नगर प्रमुख को अनुपस्थितिमा उपमेयर तारा थापालाई का.वा. नगर प्रमुख को जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं.२(ग)**

रामधुनी नगरपालिका वडा नं. ५ को च.न. १३७४ मिति २०८१।१०।२१ गतेको सिफारिस वमोजिम रामधुनी नगरपालिका वडा नं. ५ का वडा सदस्य श्री जीवन श्रेष्ठ को मिति २०८१।१०।२२ गते बाट लागू हुने गरि राजिनामा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(घ)**

आर्थिक सामाजिक रूपले पछाडि परेका अति विपन्न जातजातिका लागी पारम्पारिक पेशामा आधारित तालिम तथा सीपमुलक तालिम तपसिल अनुसारको छनौट गर्ने निर्णय गरियो ।

१. इम्ब्रोईडरी (embroidery)-हाते र मेसिन - (१०० जना लाई २०% लागत सहभागिता सहित)

२. ब्युटिसियन (बेसिक र एडभान्स) - (१०० जना लाई २०% लागत सहभागिता सहित)



CamScanner

बैठक संख्या: ३१।२०८१
बैठक मिति:२०८१।१०।२९ बिहान ८:३० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ङ)**

डुम्राहा छप्की सडक तथा नाला स्तरोन्नति रामधुनी न.पा. वडा नं. ९ सुनसरी को ठेक्का लागेकोमा बाकी रहेको रकम रू ३०,००,०००।- को पुन ठेक्का लगाउनका निमित्त शहरी विकास मन्त्रालय, काठमाण्डौं लाई अनुरोध गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं.२(च)**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) अन्तर्गत स्वमुल्याङ्कन प्रकृया र प्रमाणीकरणका आधारहरुको जाँच गरी प्राप्त ५६% जम्मा प्राप्ताङ्क नतिजा अनुमोदन गरि सार्वजनिकरण गर्ने निर्णय गरियो।

**निर्णय नं.२(छ)**

संयुक्त राज्य अमेरिकाको पोर्ट टाउन सेन्ट सहरका मेयर श्री डेभिड जे फेवर लाई तहाँ स्थित नागरिक/ वैज्ञानिक श्री न्यान्सी एल्डर मार्फत पत्राचार गरी सिस्टर सिटीको हाम्रो प्रस्ताव पेश गरिएको छ सो सम्बन्धमा तहाँ का मेयर श्री डेभिड जे फेवरले सार्वजनिक अधिकारीहरू सँग छलफल गरी बैठकमा प्रस्ताव गरी अन्य सहकर्मीहरू सँगको राय बुझी अगाडी बढ्ने व्यहोराको जानकारी प्राप्त भएको सम्मानित कार्यपालिका बैठकमा जानकारी गराइयो ।